# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## सूचना

उच्चशिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विश्वविद्यालय तथा उच्च शैक्षिक संस्था अन्तर्गत शिक्षण पेशामा आबद्ध भएका (स्थायी दरबन्दीमा नियुक्ति भएका बाहेक) र प्रवेश गर्न चाहने जनशक्तिको योग्यता परीक्षण गर्न यस आयोगबाट तयार गरिएको राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२ मिति २०८२।०६।३१ गते नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई लागू हुने प्रक्रियामा रहेको बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । नियमावलीको नियम १७ मा रहेको कार्यरत शिक्षकसम्बन्धी व्यवस्था, नियम १८ मा रहेको परीक्षणलाई नियुक्तिको आधार बनाउने र नियम २० मा रहेको विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कर्तव्यको प्रभावकारी कार्यान्वयनका लागि सबै विश्वविद्यालयहरूमा आयोगबाट मिति २०८२।११।१६ गते पत्राचार गरी सम्बन्धित विश्वविद्यालयको ऐन, नियम तथा विनियममा परिमार्जन गर्न पर्ने भएमा सोही अनुसार आवश्यक परिमार्जन गर्न अनुरोध गरिसकिएको छ।

यदि कुनै कारणवश उक्त पत्राचार प्राप्त हुन नसकेको भए यसै सूचनालाई आधार मानी राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२ कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबै विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई अनुरोध गरिन्छ । उक्त नियमावली आयोगको वेभसाइट www.ugcnepal.edu.np बाट डाउनलोड गर्न सकिने छ।


**थप जानकारीका लागि:**

राष्ट्रिय योग्यता परीक्षण शाखा

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८५४८/४९/५०